सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम यस कार्यालयबाट तेस्रो त्रैमासिक सम्म( २०८२ श्रावण १ देखि २०८२ चैत्र मसान्त सम्म) सम्पादन भएका प्रमुख क्रियाकलापहरुको विवरणः



जिल्ला हुलाक कार्यालय, रुपन्देही।
मितिः २०८३/०१/०७

## स्वतः प्रकाशन(Proactive Disclosure)

लोकतन्त्रलाई संस्थागत गर्ने कार्यका लागि सूचना प्रवाहलाई महत्वपूर्ण औजारको रुपमा लिन सकिन्छ। सुशासनको मेरुदण्डको रुपमा रहेको सूचना सम्बन्धी हक नेपालको संविधानले धारा २७ मा व्यवस्था गरेको छ। सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली,२०६५ नीतिगत व्यवस्था समेत भएको छ। सरकारको नीति र तोकिएको जिम्मेवारी बमोजिम यस जिल्ला हुलाक कार्यालयले चिठ्ठी,पत्र,डाँक, बैदेशिक पार्सल लगायतको वितरण तथा हुलाक टिकट विक्री वितरण गर्दै आएको छ। सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम यस जिल्ला हुलाक कार्यालय रुपन्देहीबाट आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक सम्म सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरुको जानकारी आम नागरिकलाई उपलब्ध गराउने उद्देश्यले तयार गरिएको छ।

## १. जिल्ला हुलाक कार्यालय, रुपन्देहीको समान्य परिचयः

यो जिल्ला हुलाक कार्यालय रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका वडा नं ५ बैंक रोडमा रहेको छ। यस अन्तर्गत १५ वटा पालिका हुलाक कार्यालयहरु रहेका छुन। यस कार्यालयले डाँक सेवा, द्रुत डाँक सेवा, बैदेशिक पार्सल डेलिभरी, हुलाक टिकट विक्री वितरण लगायतका कार्य गर्दै आएको छ।

## २. जिल्ला हुलाक कार्यालय रुपन्देहीको स्वरुप र प्रकृतिः

हुलाक सेवा ऐन,२०१९ बमोजिम जिल्ला हुलाक कार्यालयको स्थापना भएको हो। डाँक सेवा, द्रुत डाँक सेवा, बैदेशिक पार्सल डेलिभरी, हुलाक टिकट विक्री वितरण लगायतका कार्यसंग सम्बन्धित सेवा प्रवाह गर्ने यस कार्यालयको मुख्य उद्देश्य रहेको छ।

## ३.जिल्ला हुलाक कार्यालय, रुपन्देहीको काम, कर्तव्य र अधिकारः

जिल्ला हुलाक कार्यालयले जिल्लाभर हुलाक वस्तुहरूको (चिठी, पार्सल) सङ्कलन, दर्ता, चलानी र वितरण गर्छ। यसले हुलाक टिकट बिक्री, द्रुत डाँक सेवा (EMS), पोष्ट बक्स, र एफएम रेडियो/पत्रपत्रिकाको दर्ता तथा नवीकरण गर्दछ। साथै, मातहतका हुलाक कार्यालयहरूको अनुगमन र हुलाक ऐनअनुसार जिल्लाको हुलाक सेवा सञ्चालन गर्ने मुख्य जिम्मेवारी यसको हो।

**जिल्ला हुलाक कार्यालयका प्रमुख काम, कर्तव्य र अधिकारहरूः**

- **हुलाक सेवा सञ्चालनः** रजिष्ट्रि, द्रुत, साधारण चिठीपत्र, र पार्सलको दर्ता, चलानी र वितरण।
- **डाँक व्यवस्थापनः** जिल्लाभित्र र बाहिर डाँक सेवाको व्यवस्थापन र आन्तरिक तथा वैदेशिक द्रुत डाँक (EMS) सञ्चालन।
- **हुलाक टिकट बिक्रीः** हुलाक टिकटको भण्डारण र बिक्री वितरण।
- **पत्रपत्रिका र एफएम अनुगमनः** स्थानीय पत्रपत्रिकाको दर्ता/नवीकरण र एफएम रेडियोहरूको अनुगमन।
- **अनुगमन र समन्वयः** जिल्लास्थित इलाका र अतिरिक्त हुलाक कार्यालयहरूको अनुगमन र निरीक्षण।
- **अन्य सेवाहरूः** पोष्ट बक्स सेवा र सूचनाको हक कार्यान्वयन अनुगमन समितिको सचिवालयका रूपमा कार्य।


यी कार्यहरू हुलाक ऐन २०१९ र हुलाक नियमावली २०२० बमोजिम सञ्चालन हुन्छन्।

**४.जिल्ला हुलाक कार्यालय, रुपन्देहीमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

<u>जिल्ला हुलाक कार्यालय, रुपन्देहीको संगठन संरचना</u>

## ४.जिल्ला हुलाक कार्यालय, रुपन्देहीमा रहने कर्मचारी संख्या र कार्य विवरणः

<u>जिल्ला हुलाक कार्यालय, रुपन्देहीको संगठन संरचना</u>



जिल्ला हुलाक कार्यालयको दरवन्दी तेरिजः

अनुसूची २.५३

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

जिल्ला हुलाक कार्यालय, रुपन्देही र स्थानीय तहमा रहने हुलाक कार्यालयहरुको दरवन्दी तेरिज

| क्र. सं. | पद नाम | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | थप | घट | कायम हुने दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | हुलाक अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | | १ | ० | ० | १ |
| २. | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सामान्य प्रशासन | | ३ | ० | १ | २ |
| ३. | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | | १ | ० | १ | ० |
| ४. | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | १७ | ४ | ० | २१ |
| ५. | सह लेखापाल | रा.प.अन.द्वितीय | प्रशासन | लेखा | | ० | १ | ० | १ |
| ६. | ह.स.चा. | श्रेणी विहीन | इन्जि. | मे. इन्जि. | ज.मे. | ० | १ | ० | १ |
| ७ | हुलाकी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | | २५ | ० | २२ | ३ |
| ८. | हल्कारा | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | | ४० | ९ | ० | ४९ |
| ९. | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सामान्य प्रशासन | | २ | ० | ० | २ |
| जम्मा: | | | | | | ८९ | १५ | २४ | ८० |

बिनोद प्रकाश सिं

Scanned with CamScanner

**५.जिल्ला हुलाक कार्यालयबाट प्रदान गरिने सेवाः**

डाँक सेवा, द्रुत डाँक सेवा, बैदेशिक पार्सल डेलिभरी, हुलाक टिकट विक्री वितरण लगायतका कार्यसंग सम्बन्धित सेवा प्रदान ।

**६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारी र नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | विनोद खनाल | हुलाक अधिकृत | ९८५७०११७३७ | |
| २ | प्रशासन | राजु नेपाली | नायव सुब्बा | ९८५७०५२४६१ | |
| ३ | लेखा | सुशिल पंगेनी | सह-लेखापाल | ९८४७१६२४०४ | |
| ४ | जिन्सी | अनिल चौधरी | खरिदार | ९८६५५८०३१५ | |
| ५ | बैदेशिक पार्सल | बर्षा घिमिरे | खरिदार | ९८६१६५१२१६ | |
| ६ | डाँक | बिष्णु प्रसाद नेपाल | खरिदार | ९८६७२३२८६८ | |
| ७ | टिकट तथा काउन्टर | मनिराज सेजुवाल | खरिदार | ९८४८३८१९६४ | |
| ८ | ई.एम.एस. | साबित्रा भुसाल | खरिदार | ९८६७८४५४५८ | |
| ९ | पत्रपत्रिका | चिरञ्जिबी पाण्डेय | हल्कारा | ९८४७०३९४२१ | |

**७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**ः यस कार्यालयबाट प्रदान गरिने सेवा अन्तर्गत लाग्ने शेवा शुल्क यस प्रकार रहेको छः

- साधारण चिठ्ठी दर्ताः रु १०
- रजिष्ट्री चिठ्ठी दर्ताः रु ४०
- बैदेशिक पार्सल डेलिभरी गरे वापत हुलाक सेवा हुल्कः रु ६०।

**८.निर्णय गर्ने प्रक्रिया र अधिकारी**ः सरकारी निर्णय प्रक्रिया सरलिकरण निर्देशिका,२०६५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र सूचनाको हक सम्बन्धी ऐन,२०६४ लगायतका अन्य प्रचलित कानून बमोजिम।

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारी**ः हुलाक अधिकृत।

## १०.सम्पादन गरेको कामको विवरणः

नेपाल सरकार
संञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय, रुपन्देही

विषयः आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक नियमित सूचना प्रकाशन सम्बन्धमा

१. लेखा तर्फः

- ✓ चालु बजेटको अख्तियारी वार्षिक शिर्षक नं ३५८०३०१४३ - रु५५४५०२९७
- ✓ चालु बजेट खर्च दोस्रो त्रैमासिक सम्म — रु३४५९२५५९.०३
- ✓ चालु बजेट मध्येको लोककल्याणकारी विज्ञापन बजेट अख्तियारी - रु२८४६२९७
- ✓ चालु बजेट मध्येको लोककल्याणकारी विज्ञापन बजेट खर्च तेस्रो त्रैमासिक सम्म-रु१६१८७९९.१८
- ✓ विविध सूचनाको हक कार्यान्वयन निकासा रकम - ०
- ✓ विविध सूचनाको हक कार्यान्वयन खर्च रकम - ०
- ✓ पूँजीगत बजेट अख्तियारी वार्षिक शिर्षक नं ३५८०३०१४४ -रु११४८०००
- ✓ पूँजीगत बजेट खर्च दोस्रो त्रैमासिक सम्म -रु५६७८८९.६५

२. पार्सल, इ.एम.एस, रेडियो, केवल, पत्रपत्रिका तर्फः

- ✓ वैदेशिक पार्सल वितरण संख्याः६९४-७=६८७
- ✓ एफ.एम. रेडियो नविकरण संख्याः १२
  - क. लाइसेन्सः १२
  - ख. इजाजतः १२
- ✓ केवल नविकरण संख्याः ०
- ✓ पोष्ट बक्स नं
  - क. दर्ता संख्याः ८१
  - ख. नविकरण संख्याः ३
- ✓ इ.एम.एस
  - क. दर्ता संख्याः९१०
  - ख. वितरण संख्याः८९२(स्वदेशी-५२१,फिर्ता-१ विदेशी-३७१,फिर्ता-१७)

३. डाँक काउन्टर तर्फः

क. चिठ्ठि, पुलिन्दा नयाँ दर्ता रजिष्ट्री - १११२६ ख. साधारण — ४८५

४. डाँक फाँट तर्फ

क. रजिष्ट्री तथा साधारण चिठ्ठि आयात निर्यात

| चिठ्ठिको प्रकार | आयात/दर्ता संख्या | निर्यात/वितरण संख्या |
|---|---|---|
| साधारण चिठ्ठि | २७९१ | २६४६ |
| रजिष्ट्री तथा साना प्याकेट समेत | ४३८३२ | ४३८१४ |

ख. बिमा चिठ्ठी आफ्नै जिल्ला भित्र वितरण- ..........

५. टिकट फाँट तर्फ

- ✓ टिकट आम्दानी — ५१,६६,६००
- ✓ टिकट बिक्री -३९,४२,३००

Scanned with CamScanner

- जिल्ला हुलाक कार्यालय बैठकः ३ वटा।
- पालिका हुलाक कार्यालयको अनुगमन, मूल्याङ्कन र समस्या समाधान।
- जिल्ला हुलाक कार्यालयमा स्रोतसाधनको प्रबन्ध तथा रंगरोगन।

**११. सूचना अधिकारी र प्रमुखको नाम र थरः**

सूचना अधिकारीको नामः राजु नेपाली नायव सुब्बा

कार्यालय प्रमुखको नामः विनोद खनाल हुलाक अधिकृत।

**१२.ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- नेपालको संविधान
- हुलाक सेवा ऐन,२०१९
- हुलाक सेवा नियमावली,२०२०
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली,२०६५
- सूचनाको हक सम्बन्धी ऐन,२०६४ र नियमावली,२०६५ ।

**१३.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

कुल बजेटः रु ५६५९८२९७

त्रैमासिक सम्म खर्चः रु ३५१६०४४८.६८ ।